नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेष्ठ/आषाढ २०६८ (June 2011) वर्ष १५/अङ्क १७१

## अन्तरविन्तिको प्रार्थना

– पाष्टर सामुएल कार्थक

अन्तरविन्तिको प्रार्थना आफ्नो लागि र आफ्नो व्यक्तिगत आवश्यकताहरूको लागि साथै यो अरूहरूको आवश्यकताको लागि गर्ने प्रार्थना होइन । अन्तरविन्तिको प्रार्थना कसैको विशेष आवश्यकतामा परमेश्वर स्वयम उत्रनु हुनेछ र काम गर्नु हुनेछ भन्ने पूर्ण आशामा गरिने प्रार्थना हो । यो चाहिँ हामीले चाहे जस्तै तरिकाले वा हामीले भनेको समयमा नभए तापनि परमेश्वरले काम गर्नु हुन्छ भनी भरोसा गरेर गर्ने प्रार्थना हो ।

पुरानो करारमा धेरै मानिसहरूले अरूहरूको लागि प्रार्थना गर्दै परमेश्वरको अघि उभिएको हामी पाउँदछौं । जस्तैः अब्राहामले आफ्नो छिमेकमा रहेको सदोम र त्यसका वरपरका क्षेत्रहरूको लागि प्रार्थना गर्नलाई परमेश्वरको अघि आउनलाई कदम चालेका थिए । यस काम गर्नलाई उनी होसियारी बने कारण उनलाई यो कुरो थाहा थियो की सदोम अत्ति नै दुष्टताले भरिएको थियो र त्यस प्रति परमेश्वर अत्ति नै क्रोधित हुनुभएको थियो । यसैले अब्राहामले परमेश्वरसँग बोल्दा होसियारी अनपानएको यस कुराले देखाउँछ (उत्पत्ति १८:२६-३३) । यसरी नै परमेश्वर रिसाउनु भएको बेला मोशाले पनि परमेश्वरको अघि आउने कदम चालेका थिए । उनी परमेश्वर र मानिसहरूको बीचमा उभिएर आफ्नो जीवन नै परमेश्वरका मानिसहरूको लागि दिन तयार भए (प्रस्थान ३२:३०-३१) । पर्खाल बनाउने नहेम्याहले यरूशलेम र परमेश्वरका मानिसहरूको लागि प्रार्थना गरे । जसै उनले तिनीहरूको आवश्यकता परमेश्वरको अघि लगे, यी सबै कुराको पछि रहेको प्रेरणा चाहिँ विश्वासका महान व्यक्तिहरूमा रहेको टिठालुपन थियो । तिनीहरूले ती मानिसहरूलाई, तिनीहरूका संस्कृतिलाई र तिनीहरूको विश्वासलाई परमेश्वरले जस्तै प्रेम गरेर, त्यस प्रेमको जोशले जलेर तिनीहरूको पक्षमा परमेश्वरसँग बोल्नलाई आँट गरे ।

नयाँ करारमा पनि हामी अन्तरविन्ति गरिएको घटनाहरू पाउँछौं । यसरी अन्तरविन्ति गर्नेहरूमा मुख्य उदाहरण येशू हुनुहुन्छ । उहाँले पितासँग उहाँका चेलाहरूलाई आशिष दिन र सुरक्षित राख्नको लागि प्रार्थना गर्नुभयो (यूहन्ना १७:६-१७) । यसरी नै उहाँले क्रूसबाट प्रार्थना गर्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।" (लूका २३:३४) । साँच्चै उहाँ जन्मनुको कारण र जिउनुको कारण एक जीवित अन्तरविन्ति गर्ने हुनको लागि थियो । यसरी नै स्तिफनसले पनि येशूको नमुनालाई पछ्याए । उनको अन्तिम वाक्य पनि येशूको प्रार्थना जस्तै नै थियो । उनले पनि आफुलाई ढुङ्गा हानेर मार्नेहरूको लागि अन्तरविन्तिको प्रार्थना गरेका थिए (प्रेरित ७:५९-६०) ।

नयाँ करारका सुरुका मण्डलीहरूले पनि अन्तरविन्तीको प्रार्थना गरेको हामी पाउँछौं । कतिले यात्राको लागि, निको हुवाई र स्वास्थको लागि साथै परमेश्वरबाटको बुद्धिको लागि अन्तरविन्ति गरेका छन् भने कतिले ख्रीष्ट येशूलाई चिन्न सकुन भनेर प्रार्थना गरेका छन्। अरूहरूले राजनैतिक नेताहरूका लागि जसले उनीहरूलाई मार्न चाहेका थिए, उनीहरूको लागि अन्तरविन्ति चढाएका छन् ।

आज अन्तरविन्तीको प्रार्थना तपाई र मबाट सुरू हुनु परेको छ । कसैले अरूकसैको लागि अन्तरविन्तिको प्रार्थनाद्वारा परमेश्वरको अघि गइरहेको सुन्दा हामीलाई खुशी लाग्छ तर परमेश्वरले तपाई र मलाई पनि त्यस्तै गरेको चाहानु हुन्छ । हाम्रो व्यक्तिगत भक्ति खाली आफ्नो फाइदाको लागि मात्र हुनु हुँदैन । यदि परमेश्वरको प्रेमले हामी भित्र काम गरि रहेको छ भने हामी अरूहरूको लागि प्रार्थना गर्न लाग्दछौं र यसले हामीलाई उच्च शक्तिको, चङ्गाईको र प्रेमको श्रोत कहाँ पुऱ्याउँछ । जसै हामी अन्तरविन्तीको प्रार्थना गर्दछौं, हामीले यो जान्नु पर्छ की यसमा हामी एक्लै छैनौं । कारण जब हामी परमेश्वरको प्रेममा अरू कसैको लागि प्रार्थना गरिरहेका हुन्छौं तब पवित्र आत्माले पनि हामीसँग प्रार्थना गर्नु हुन्छ । हामीले हाम्रो प्रार्थना परमेश्वर पितालाई, पुत्र येशूको नाममा पवित्र आत्माको शक्तिमा गर्नु पर्छ ।

अहिले नेपालको लागि विश्वव्यापी चालिस दिने प्रार्थना भइरहेको छ । हाम्रो देशको हालको अवस्थामा परमेश्वर स्वयं उत्रनु हुनेछ र आफ्नो शक्तिमा काम गर्नुहुनेछ भन्ने पूर्ण विश्वासमा प्रार्थना गर्नुपर्छ । यसैले हामी पनि परमेश्वरको अघि उभिएर प्रार्थना गर्ने उहाँका दासहरूभैं प्रेमको जोशमा जोशिलो भएर नेपालको लागि अन्तरविन्तिको प्रार्थना गरौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
|---|---|---|---|---|---|---|
| जेष्ठ २८ गते<br>जुन ११ ता. | पाष्टर<br>सामुएल कार्थक | श्री<br>सरोजमान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>कर्टिस वङ्ग | पाष्टर<br>दफ्तन सादा | डीकनेस्<br>ग्रेस खालिङ |
| आषाढ ४ गते<br>जुन १८ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>सुरेश पुरकोटी | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>श्री लक्ष्मी सैंजु | एल्डर<br>सिमोन खालिङ |
| आषाढ ११ गते<br>जुन २५ ता. | डीकन<br>विष्णु पराजुली | पाष्टर<br>अशोक मुखिया | डीकन<br>अर्जुन ढकाल | पाष्टर रोबर्ट कार्थक<br>डीकनेस् ग्रेस खालिङ | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>नव राज के.सी. |
| आषाढ १८ गते<br>जुलाई २ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>रोल्याण्ड रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>दिल थापा |

## जानकारी

१. वैशाख २३ गते/मे ६ ता. शुक्रबार रामेछाप किउरेनीमा १३ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

२. वैशाख २४ गते/मे ७ ता. शनिबार नेइम ललितपुर चर्चको ६ जनाले समर्पण गर्नुभयो ।

३. वैशाख २४ गते/मे ७ ता. शनिबार नेइम गुर्जुधारा चर्चको ८ जनाले समर्पण गर्नुभयो ।

४. वैशाख २४ गते/मे ७ ता. शनिबार नेइम गोंगबूँ चर्चको ३ जनाले समर्पण गर्नुभयो ।

५. जेष्ठ ७ गते/मे २१ ता. शनिबार नेइम ज्ञानेश्वर चर्चको १२० जनाले समर्पण गर्नुभयो ।

६. जेष्ठ १२ गते/मे २६ ता. बिहीबार नेइम जोरपाटी चर्चको १० जना, जहरसिंह पौवाको ४ जना, गाम्छाको २ जना र सुन्दरीजलको ६ जना गरी जम्मा २२ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

७. जेष्ठ १५ गते/मे २९ ता. आइतबार नेइम ज्ञानेश्वर चर्चको १८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।



ललितपुर बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य
**श्री शाहा बहादुर गुरूङ्ग**
५२ वर्षको उमेरमा जेष्ठ २ गते/मे १६ ता.
सोमबार प्रभुमा सुत्नुभयो ।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्या
**श्रीमती मञ्जु तामाङ्ग**
३० वर्षको उमेरमा जेष्ठ ६ गते/मे २० ता.
शुक्रबार प्रभुमा सुत्नुभयो ।

### मे महिनाको कार्यक्रम

१. जेष्ठ २२ गते/जुन ५ ता. आइतबार बिहान ९:००-३:०० **नेइम परिषद्को बैठक** ज्ञानेश्वर चर्चमा

२. आषाढ १ गते/जुन १५ ता. बुधबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्चमा

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | **शनिबार** | बिहान ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर |
| | | बिहान ९:०० बजे र ११:३० बजे | ललितपुर |
| | | बिहान ८:०० बजे र ११:०० बजे | गोंगबूँ, |
| | | बिहान १०:३० बजे | जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल |
| | | महिनामा दुई पटक | जोरपाटी |
| **घरेलु संगति** | **बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू** | | |
| **प्रार्थना सभा** | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२,गोंगबूँ, पनौती सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी गाम्छा र सुन्दरीजल |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **गोंगबूँ** | **रानीपौवा** | **साहुगाउँ** |
| **जेष्ठ २८ गते** जुन ११ ता. | पाष्टर एल.पी.न्यौपाने | श्री अमृत लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री दिल मान तामाङ्ग |
| **आषाढ ४ गते** जुन १८ ता. | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – जोरपाटी चर्च** | | | पाष्टर एल.पी.न्यौपाने | श्री रघु रोक्का | श्री कुमार सेन्चुरी |
| **आषाढ ११ गते** जुन २५ ता. | पाष्टर महेश थाँजु | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर जमान तामाङ्ग | पाष्टर एल.पी.न्यौपाने | डीकन बि.एन. पण्डित | डीकन सुब्बा श्रेष्ठ | श्री धन बहादुर तामाङ्ग |
| **आषाढ १८ गते** जुलाई २ ता. | पाष्टर बि.बि. खवास | एल्डर जमान तामाङ्ग | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर दानिएल सापकोटा | पाष्टर एल.पी. न्यौपाने | श्री कुमार सेन्चुरी | डीकन राजु श्रेष्ठ |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई

वैशाख १६ गते/अप्रिल २९ ता. शुक्रबार ओक हिल चर्च, यू.एस.ए.मा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती रत्न दीप/मीरा कार्थक**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





वैशाख २८ गते/मे ११ ता. बिहीबार नेपाल बागलुङ्ग खीष्टिय चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती थमन बहादुर/लक्ष्मी बि.सी.**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

वैशाख २१ गते/मे ४ ता. बुधबार नेइम दोलालघाट, मारानाथा चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती राम कृष्ण/कमला सुर्खेती**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





जेष्ठ ५ गते/मे १९ ता. बिहीबार नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती निल कुमार/एलिशिबा राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. देशमा राजनैतिक गतिरोध, समस्या, अस्थिरता र द्वन्दको समाधान भई स्थायी शान्ति, समृद्धि, मेलमिलाप र राष्ट्रको उन्नतिको लागि प्रार्थना गरौं ।

२. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

३. अन्धकारको शक्ति, तिनका दुष्टकार्यहरू, योजनाहरू र किल्लाहरूको विरूद्धमा खीष्ट येशूको नाउँमा अधिकारसाथ प्रार्थना गरौं जसको फलस्वरुप गरीबी, चोरी, डकैती, हत्या, अपहरण, चेलीबेटी बेचबिखन आदि जस्ता कुराहरू हटेर गएको होस् ।

४. देशका मण्डलीहरूले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् जसको फलस्वरुप सुसमाचार पुग्न नसकेको दुर्गम जिल्लामा पनि सुसमाचार पुगी मण्डली स्थापना हुन सकोस् ।

५. बाँडिएका सुसमाचारका पर्चाहरू पाएका व्यक्तिहरूले ध्यानसित पढ्ने इच्छा भएको होस् र पढ्दा उहाँहरूको हृदयमा पवित्र आत्माले नै सत्यता बुझ्ने अनुग्रह दिऊन् । समय छँदा नै उहाँहरू प्रभुमा आउन सकून् भनी निरन्तर प्रार्थना गरौं ।

६. मण्डलीका सबै गुरुजनहरू साथै व्यवस्थापन समितिमा हुनुभएकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाई गर्न, हुर्काउन, बढाउन, डोऱ्याउन साथै व्यवस्थित गर्न परमेश्वरबाटको अनुग्रह र पवित्र आत्माको सहायता मागिदिऔं ।

७. मण्डलीअन्तर्गतका सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा अझ व्यवस्थित र वृद्धि हुँदै जान सकून् जसको फलस्वरुप मण्डली परिपक्व हुँदै जान सकेको होस् ।

८. बाढी, पहिरो, भूकम्प, आगलागी आदि जस्ता प्राकृतिक प्रकोपहरूको नियन्त्रण होस् र यस्ता घटनाहरूबाट पीडितहरूको उद्धार, राहत तथा पुनःस्थापना र असल व्यवस्थापन हुन सकोस् ।

९. नेपाली युवा-युवतीहरू लागु पदार्थको दुर्व्यसनमा नफसून् तर प्रगतिशील कार्यमा जुट्न सकून् साथै तिनीहरूको बेराजगारी समस्याहरूको समाधानको लागि ।

१०. नेपाल देशबाट बाहिर विभिन्न मुलुकहरूमा रोजगार, पढाई साथै अन्य कामको लागि जानुभएकाहरूले विभिन्न माध्यमहरूबाट सुसमाचार सुनि खीष्ट प्रभुलाई विश्वास गर्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २२ 5<br>भोलि हुने नेइम परिषद्को बैठकमा मण्डलीको निम्ति परमेश्वरको इच्छा पूरा भएको होस् ।<br>भजनसंग्रह ३३:१०-१२ | २९ 12<br>नेपाल देशका सम्पूर्ण मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>फिलिप्पी २:१०-११ | ५ 19<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकौं ।<br>३ यूहन्ना १-६ | १२ 26<br>नेपालभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डली पवित्र आत्माले भरिँदै जान सकून् ।<br>यूहन्ना ३:१६-१७ |
| **सोमबार Monday** | २३ 6<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् ।<br>यूहन्ना १४:१२-१४ | ३० 13<br>कुनै पनि परिवारमा परमेश्वरको आदर, प्रशंसा र संगति गर्ने पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>यहोशू २४:१४-१८ | ६ 20<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>हिब्रू १३:२१ | १३ 27<br>आफूले पाएको विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:६-८ |
| **मंगलबार Tuesday** | २४ 7<br>पूर्णकालिन सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | ३१ 14<br>भोलि हुने महिला उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवनमा, पारिवारिक क्षेत्रमा, मण्डली, समाज र देशमा अझै आशिष बगेको होस् ।<br>१ कोरिन्थी २:९ | ७ 21<br>मण्डलीलाई अगुवाई गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | १४ 28<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>रोमी १५:१-७ |
| **बुधबार Wednesday** | २५ 8<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एक आपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | १ आषाढ 15<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट साथै अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई परिवर्तनको जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२३ | ८ 22<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>यूहन्ना १:१२ | १५ 29<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति, झुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>यूहन्ना १५:१६ |
| **बिहीबार Thursday** | २६ 9<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>भजनसंग्रह ८४:१-१२ | २ 16<br>मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुन्न सकून् ।<br>१ शमूएल ३:१-१० | ९ 23<br>मण्डलीका सबै जवानहरू आफ्नो जीवन प्रभुमा पूरा समर्पित भएर जिउन सकून् र परमेश्वरको निम्ति आफैलाई संसारको कुराबाट अलग राख्न सकून् ।<br>प्रस्थान १९:५-६ | १६ 30<br>सबै बा दाजुभाइहरू आफ्नो परिवारमा पूजाहारी भएर आफ्नो परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-७ |
| **शुक्रबार Friday** | २७ 10<br>वचनको सेवकाई, स्तुति प्रशंसामा अगुवाई, सेवा सञ्चालन, अनुगमन लिनुहुने र सुसमाचार सुनाउनुहुनेहरूको लागि प्रार्थना गरौं ।<br>२ कोरिन्थी २:१४-१७ | ३ 17<br>भोलि सबै ठाउँहरूमा हुने आराधना सेवामा परमेश्वरको गहिरो उपस्थिति सबै थाहा गर्न सकून् ।<br>यशैया ६४:१-४ | १० 24<br>प्रत्येक शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकून् ।<br>यशैया ४५:१५-२३ | १७ July 1<br>हामी कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>भजनसंग्रह ८४:१-६ |
| **शनिबार Saturday** | २८ 11<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा मण्डलीका सबै विश्वासीहरूको लागि प्रभुबाटको सुरक्षा र वृद्धि मागिदिऔं ।<br>यशैया ४२:६-७ | ४ 18<br>धेरै पढे-लेखेका, ठूला-ठूला ओहदामा रहेकाहरू, बुद्धिजीविहरूले प्रभुको सुसमाचार सुनी ख्रीष्ट प्रभुलाई ग्रहण गर्न सकून् ।<br>रोमी १४:११ | ११ 25<br>अधुरा घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रस्थान २०:१-६ | १८ 2<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाई गरिराख्नुभएकासाथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ |

**"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ । जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अग्ला छन् । जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमीनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।**

**यसैया ५५:८-११**



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४८२५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np